# वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान बुलेटिन

# सेरोफेरो

SEROPHERO

अंक ३०-२०८२।०८३।०२ २०८२ असोज - कार्त्तिक


**Statement of patients flow for the month of Bhadra 2082**

| OPD | Total Reg | Follow up within 10 days (~25%) | Grand Total |
|---|---|---|---|
| GENERAL PRACTICE & EMERGENCY MEDICINE | 4045 | 1011 | 5056 |
| **SPECIAL OPD** | | | |
| ANAESTHESIOLOGY & CRITICAL CARE | 38 | 10 | 48 |
| CARDIOLOGY | 2371 | 593 | 2964 |
| CTVS (CARDIOTHORACIC AND VASCULAR SURGERY) | 220 | 55 | 275 |
| DENTAL | 2809 | 702 | 3511 |
| DERMATOLOGY & VENEROLOGY | 4658 | 1165 | 5823 |
| ENT/OTORHINOLARYNGOLOGY AND HEAD & NECK SURGERY | 3588 | 897 | 4485 |
| GASTRO-ENTEROLOGY & HEPATOLOGY | 2075 | 519 | 2594 |
| INTERNAL MEDICINE | 9548 | 2387 | 11935 |
| OBSTETRICS & GYNAECOLOGY | 6360 | 1590 | 7950 |
| OPHTHALMOLOGY | 1774 | 444 | 2218 |
| ORTHOPAEDICS | 5893 | 1473 | 7366 |
| PAEDIATRICS & ADOLESCENT MEDICINE | 3746 | 937 | 4683 |
| PSYCHIATRY | 2411 | 603 | 3014 |
| PULMONARY, CRITICAL CARE & SLEEP MEDICINE | 1121 | 280 | 1401 |
| SURGERY | 5608 | 1402 | 7010 |
| SURGICAL GASTROENTEROLOGY | 372 | 93 | 465 |
| OTHER DEPARTMENT in Midas software (Come for investigation purpose only) | 987 | 247 | 1234 |
| **Sub Total** | **53579** | **13395** | **66974** |
| **EMERGENCY** | | | |
| CENTRAL | 5343 | 0 | 5343 |
| GYNAE /OBSTETRICS | 1025 | 0 | 1025 |
| PAEDIATRIC | 1963 | 0 | 1963 |
| **Sub Total** | **8331** | 0 | **8331** |
| **Grand Total :** | **65955** | **14406** | **80361** |
| Paying (EHS) | 3657 | | |
| Nepal Govt Social Insurance | 37550 | | |
| Other Scheme | 24748 | | |
| **Ward IPD** | **5924** | | |
| *ICU/CCU/PCCU/IMCCU/SICU* | 257 | | |
| *NICU/PICU/MICU/Nursery* | 159 | | |
| *Dialysis* | 2068 | | |

***Source: Hospital Administration***
***Prepared by Information and Communication Center***

## प्रतिष्ठानको नाममा दर्जनौ फेसबुक अकाउन्टः कुन हो आधिकारिक?

प्रतिष्ठानको आधिकारिक फेसबुक पेज सञ्चालनमा आएको र सो बारे सम्पुर्णमा समय समयमा विभिन्न माध्यमहरुबाट जानकारीका लागि सूचना गरिएको विदितै छ । सो बारेमा हालसम्म पनि जानकारी पाउनु नभएका कोहि रहनु भएको भए वहाँहरुलाई समेत यसै समाचार मार्फत पुनः सहर्ष जानकारी गराईन्छ । तर, प्रतिष्ठानको आधिकारिक फेसबुक पेज सञ्चालनमा आउनु भन्दा पहिले देखि नै वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (BPKIHS), धरानको नाम तथा लोगो प्रयोग गरेर समाजिक सञ्जाल फेसबुकमा अनाधिकृत तथा नक्कली आई.डी. बाट दर्जनौं अकाउन्ट / पेज / ग्रुपहरु खोलिएको पाइएको छ जुन, प्रतिष्ठानका चिकित्सक, कर्मचारी, विद्यार्थीवर्गका साथै प्रतिष्ठान बाहिरका जनमानसबाट समेत सञ्चालित भएको पाइएको छ । फेसबुकमा "B.P. Koirala Institute of Health Science/BPKIHS" टाइप गरी Search गर्दा सोही नामको र मिल्दोजुल्दो बाह्र वटा अनाधिकृत रुपमा खोलिएको फेसबुक पेज / ग्रुप भेटिन्छ । यसरी नक्कली अकाउन्ट खोल्न थालिएको बारेमा प्रतिष्ठानलाई जानकारीमा आए पश्चात् २०८२ भाद्र १३ गते प्रतिष्ठानले आफ्नो आधिकारिक फेसबुक पेज खोलेको थियो । उक्त फेसबुक पेजको प्रशासकिय जिम्मेवारी / सञ्चालनको जिम्मेवारी प्रतिष्ठानको सूचना तथा सञ्चार केन्द्रका साथै उपकुलपति कार्यलयको सचिवालयलाई संयुक्त रुपमा दिइएको छ ।

प्रतिष्ठानको आधिकारिक फेसबुक पेजको लिंक http://fb.com/bpkihsofficial रहेको छ भनेप्रतिष्ठानको आधिकारिक फेसबुक पेजको मुखपृष्ठ निम्नानुसारको रहेको छ ।




उक्त लिंकबाट खुल्ने यो फेसबुक पेज नै प्रतिष्ठानको आधिकारिक फेसबुक पेज भएको हुँदा यसमा संप्रेषित समाचार तथा सूचनाहरु आदिको विश्वसनियताको जिम्मेवारी प्रतिष्ठानले वहन गर्नेछ भनि सम्पूर्णमा जानकारी गराइन्छ । उपरोक्तानुसारको फेसबुक पेज खोली आधिकारिक जानकारीका लागि Follow गरी सहयोग गरिदिनु हुन सम्पुर्णमा पुनः अनुरोध समेत गरिन्छ ।

### हार्दिक अनुरोध

समाचारजन्य जानकारी, कार्यक्रम, स्वास्थ्य सम्बन्धी लेख, रचना आदि सूचना तथा संचार केन्द्रमा उपलब्ध गराई दिनुहुन सम्पूर्ण शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीवर्ग एवम् सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछौं । कृपया आफ्ना सामाग्रीहरुकोSoft copyपठाउँदाKantipur Fontमा पठाई दिनुहुन पनि अनुरोध गर्दछौं । विशेष कारणबस सेरोफेरोको गत असोज महिनाको अंक समयमा प्रकाशन गर्न नसकिएकोले यहाँहरु समक्ष क्षमाप्रार्थी छौं ।

- सूचना तथा सञ्चार केन्द्र

यसका साथै, हामीले Search गर्दा भेटिएका निम्नानुसार फेसबुक अकाउन्टहरु Fake तथा अनाधिकृत भएको जानकारी गराउन चाहान्छौं ।




प्रतिष्ठानले सञ्चालनमा ल्याएको आधिकारिक फेसबुक पेज र उपरोक्त अनुसारको अनाधिकृत फेसबुक पेजहरुमा प्रतिष्ठानको नाम र लोगो मिल्दोजुल्दो देखिने हुँदा जनमानसमा भ्रम तथा अन्यौल श्रृजना हुने निश्चित प्राय देखिन्छ । त्यसैकारण, त्यसप्रकारका फेसबुक पेजका Admin हरुलाई सो पेजहरु बन्द गरि प्रतिष्ठानलाई सहयोग गरि दिनु हुन अनुरोध गरिन्छ ।

प्रतिष्ठानको आधिकारिक फेसबुक पेज बाहेकका उपरोक्त अनुसारका अनाधिकृत फेसबुक पेज/अकाउन्टका Admin हरुले सो फेसबुक पेज/अकाउन्ट बन्द नगरिदिएमा प्रतिष्ठानले सो बन्द/ Suspend गरिदिनका लागि आवश्यक प्रकृया अगाडी बढाउने समेत जानकारी गराइन्छ ।

**Statement of patients flow for the month of Asoj 2082**

| OPD | Total Reg | Follow up within 10 days (~25%) | Grand Total |
|---|---|---|---|
| GENERAL PRACTICE & EMERGENCY MEDICINE | 3314 | 829 | 4143 |
| **SPECIAL OPD** | | | |
| ANAESTHESIOLOGY & CRITICAL CARE | 22 | 6 | 28 |
| CARDIOLOGY | 1864 | 466 | 2330 |
| CTVS (CARDIOTHORACIC AND VASCULAR SURGERY) | 250 | 63 | 313 |
| DENTAL | 2244 | 531 | 2805 |
| DERMATOLOGY & VENEROLOGY | 4219 | 1055 | 5274 |
| ENT/OTORHINOLARYNGOLOGY AND HEAD & NECK SURGERY | 2700 | 675 | 3375 |
| GASTRO-ENTEROLOGY & HEPATOLOGY | 1669 | 417 | 2086 |
| INTERNAL MEDICINE | 7224 | 1806 | 9030 |
| OBSTETRICS & GYNAECOLOGY | 5022 | 1256 | 6278 |
| OPHTHALMOLOGY | 1236 | 309 | 1545 |
| ORTHOPAEDICS | 4600 | 1150 | 5750 |
| PAEDIATRICS & ADOLESCENT MEDICINE | 2970 | 742 | 3713 |
| PSYCHIATRY | 2003 | 501 | 2504 |
| PULMONARY, CRITICAL CARE & SLEEP MEDICINE | 775 | 194 | 969 |
| SURGERY | 4499 | 1125 | 5624 |
| SURGICAL GASTROENTEROLOGY | 199 | 50 | 249 |
| OTHER DEPARTMENT in Midas software (Come for investigation purpose only) | 828 | 207 | 1035 |
| **Sub Total** | **42324** | **10581** | **53905** |
| **EMERGENCY** | | | |
| CENTRAL | 3727 | 0 | 3727 |
| GYNAE /OBSTETRICS | 987 | 0 | 987 |
| PAEDIATRIC | 2349 | 0 | 2349 |
| **Sub Total** | **7063** | 0 | **7063** |
| **Grand Total :** | **52701** | **11410** | **64111** |
| Paying (EHS) | 3172 | | |
| Nepal Govt Social Insurance | 30595 | | |
| Other Scheme | 18934 | | |
| **Ward IPD** | **5683** | | |
| *ICU/CCU/PCCU/IMCCU/SICU* | 259 | | |
| *NICU/PICU/MICU/Nursery* | 152 | | |
| *Dialysis* | 2130 | | |

***Source: Hospital Administration***
***Prepared by Information and Communication Center***

## मूल्यांकन समितिको संयोजकमा प्रा.डा. खनाल

प्रतिष्ठानका लागि आवश्यक पर्ने सेवा एवम् सरसामाग्रीहरु खरीद गर्न सार्वजनिक खरीदऐन २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १४७ बमोजिमको काम कारवाही गर्नका लागि उपकुलपति प्रा.डा. बिक्रम प्रसाद श्रेष्ठज्यूले पेरियोडोन्टोलोजी एण्ड ओरल इम्प्लान्टोलोजी विभागका प्रमुख प्रा.डा. शिवलाल शर्मा खनालको संयोजकत्वमा मूल्यांकन समितिको गठन गर्नुभएको छ । उक्त समितिका सह-संयोजकमा ओरल एण्ड मेक्सिलोफेसियल सर्जरी विभागका प्रा.डा. मेहुल राज जैसानी बोहोरा रहनु भएको छ भने सचिवमा खरीद महाशाखा प्रमुख रहने प्रावधान छ । हाल खरीद महाशाखा प्रमुखमा श्री कमल कुमार राया हुनुहुन्छ ।त्यसैगरी, समितिको सदस्यहरुमा आर्थिक प्रशासन महाशाखा प्रमुख, इलेक्ट्रिकल इन्जिनियरिङ्ग शाखा प्रमुख, सिभिल इन्जिनियरिङ्ग शाखा प्रमुख, इलेक्ट्रोमेड शाखा प्रमुख, बायोमेडिकल इन्जिनियरिङ्ग शाखा प्रमुख, कम्प्युटर व्यवस्थापन शाखा प्रमुख, फार्मेसी प्रमुख, कानुनी सल्लाहकार रहनु भएको छ । समितिको कार्यकाल मिति २०८२।०६।२१ गते देखि लागु भई एक वर्षका लागि हुनेछ । यस भन्दा अघि उक्त समितिको संयोजकमा एनाटोमी विभागका प्रमुख प्रा.डा. शमशेर श्रेष्ठ रहनुभएको थियो ।

## क्यान्सरको उपचारमा प्रतिष्ठानको योगदान



प्रतिष्ठान आफ्नो स्थापना कालदेखि नै क्यान्सर विरामीको उपचारमा करिब तीन दशक देखि भूमिका निर्वाह गर्दै आएको सर्वविदितै छ । क्यान्सरका विरामीको उपचारमा आवश्यक पर्ने सम्पुर्ण प्रविधि एवम् पद्दतीहरुको उपलब्धता नभएता पनि प्रतिष्ठानले निर्वाह गरेको भूमिका उल्लेखनीय तथा प्रशंसनीय रहेको व्यहोरा गत आर्थिक वर्ष २०८१-०८२ मा क्यान्सर विरामीहरुलाई प्रतिष्ठानले प्रदान गरेको उपचार सेवाको तथ्यांकले पनि प्रष्ट्याउछ । हाल प्रतिष्ठानले क्यान्सरको उपचारमा शल्यक्रिया तथा सिस्टेमिक( किमो, हर्मोनल तथा टार्गेट) थेरापी सेवा प्रदान गर्दै आइरहेको र सो को समय सापेक्ष स्तरोन्नती पनि गर्दै आएको सर्वविदितै छ । प्रतिष्ठानले दिने क्यान्सर सम्बन्धी सेवाहरु बारे सर्वसाधारणलाई अवगत होस् भन्ने हेतुले गत आर्थिक वर्ष २०८१-०८२ मा क्यान्सरका विरामीहरुलाई प्रदान गरिएको उपचार सेवा सम्बन्धी तथ्यांक यहाँ प्रस्तुत गरिएको छ ।

प्रतिष्ठानले क्यान्सरका विरामीलाई प्रदान गरेको विभिन्न सेवाहरु मध्य क्यान्सरको शल्यक्रिया सम्बन्धी सेवाका सन्दर्भमा ब्रेन ट्यूमर ४१ जना, थाइरोइड क्यान्सर

५ जना, ओरल क्याभिटीको क्यान्सर ३७ जना, ब्रेस्ट तथा इण्डोकाइन क्यान्सर ८० जना, स्पाइन ट्युमर ३ जना, मेडियास्टिनल ट्युमर १ जना, ग्यास्ट्रोइन्टेस्टाइनल क्यान्सर ५४ जना, हेपाटोबिलियरी एण्ड पेंक्रियाटिक क्यान्सर ३५ जना, रेनल क्यान्सर ६ जना, यूरिनरी ब्लाडर क्यान्सर २४ जना, प्रोष्टेट क्यान्सर ११ जना, ओभेरियन क्यान्सर २५ जना, सर्भाइकल क्यान्सर ८ जना, इन्डोमेट्रियल क्यान्सर १० जना, प्रि क्यान्सरस गोइनेकोलोजिकल लिजनको लूप इलेक्ट्रोसर्जिकल इक्सिजन ४० जना, युरेथ्रल क्यान्सर १ जना, पेनाइल क्यान्सर २ जना, भल्भल क्यान्सर ३ जना, बोन ट्युमर २१ जना तथा अन्य क्यान्सर १९ जना गरी ४ सय २६ जनालाई शल्यक्रिया सेवा प्रदान गरेको छ ।



त्यसैगरी क्यान्सरको सिस्टेमिक (किमो, हर्मोनल तथा टार्गेट) थेरापी सम्बन्धी सेवा अन्तर्गत बहिरङ्ग तर्फ २७ सय २८ जना र अन्तरङ्ग तर्फ ९ सय २२ जनालाई उक्त सेवा प्रदान गरिएको छ ।

क्यान्सरका सिकिस्त बिरामीहरुलाई लक्षित गरी विरामीको सहज रुपमा उपचार तथा हेरचाह पुऱ्याउने उद्येश्यले केहि समय अघी देखि प्रतिष्ठानले Palliative and Home Based Hospice Care सेवा समेत दिंदै आएको छ । यस सेवा अन्तर्गत अस्पताल आउन कठिन पर्ने किसिमका क्यान्सरका सिकिस्त बिरामीहरुलाई आवश्यक पर्ने नियमित या आकस्मिक उपचार सेवाहरु प्रतिष्ठानको स्वास्थ्यकर्मीहरुको टोलीले घरैमा गएर दिने व्यवस्था गरिएको छ । यस प्रकारको सेवा काठमाडौं उपत्यका बाहिर यो नै पहिलो रहेको छ । यो सेवा लिन चाहने इच्छुक विरामी वा तिनका आफन्तहरुले प्रतिष्ठानको Internal Medicine विभाग अन्तर्गतको Oncology Unit सँग समन्वय गरी सेवा लिन सकिने छ र उक्त सेवा वापत प्रतिष्ठानले हाललाई प्रति भिजिट रु. पन्ध्र सय शुल्क निर्धारण गरेको छ भने विपन्न विरामीको हकमा भने प्रतिष्ठानले विपन्न विरामीलाई प्रदान गर्ने नियमानुसारको निःशुल्क सेवा दिने व्यवस्था गरिएको छ । हाललाई यो सेवा धरान उपमहानगरपालिका भित्र प्रदान गरिने गरिएको छ ।

त्यसैगरी, प्रतिष्ठानले क्यान्सर रोकथामका लागि समेत विभिन्न किसिमका सेवाहरु प्रवाह गर्दै आएको छ । क्यान्सरको समयमै पहिचान तथा उपचार होस् भन्ने अभिप्रायले बेला बेलामा समुदायमा पुगेर क्यान्सर सम्बन्धी सचेतना मुलक कार्यक्रमहरुको आयोजना गर्दै आएको छ भने प्रतिष्ठान भित्र क्यान्सर स्क्रिनिङ्ग ओपीडी, ग्यास्ट्रोइन्टेस्टाइन इन्डोस्कोपी, बेष्ट क्लिनिक तथा ब्रेष्ट क्यान्सर अवेयरनेस प्रोग्राम, भिजुअल इन्स्पेक्सन वीथ एसिटिक एसिड, एच् पि भि - डि एन ए टेष्टिङ्ग, कोल्पोस्कोपी जस्ता सेवाहरु प्रदान गर्दै आएको छ ।

प्रतिष्ठान तीन दशक अघी देखि नै पूर्वी नेपालमा क्यान्सर सम्बन्धी शल्यक्रियाको सेवा प्रदान गर्दै आएको पहिलो र एकमात्र स्वास्थ्य संस्था हो । सिमित स्रोत साधनको अप्ठेरो अवस्थामा गुज्रिरहेको भएता पनि माथि तथ्यांकले देखाए अनुरुपको योगदानले प्रतिष्ठान प्रशंसाको पात्र बनेको महशुस भएको छ ।

क्यान्सर उपचारको तीन स्तम्भहरु मध्येका दुई स्तम्भहरु शल्यक्रिया र किमोथेरापी राम्रै सँग फस्टाएको देखिन्छ तर तेस्रो स्तम्भका रुपमा रहेको रेडियोथेरापी भने अझ पनि फस्टाउन पाएको छैन । सम्बन्धित सम्पुर्ण सरोकारवालाहरुले क्यान्सर उपचारको तेस्रो स्तम्भका रुपमा रहेको रेडियोथेरापीलाई फस्टाउन आवश्यक पहल एवम् सहयोग गरिदिनु हुन आजको आवश्यकता रहेको देखिन्छ ।

## प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा. शर्माज्यू विश्वका प्रभावशाली वैज्ञानिकमा सूचिकृत



प्रतिष्ठानका शिक्षाध्यक्ष तथा मुटु र मृगौला रोग विशेषज्ञ प्रा.डा. संजिव कुमार शर्माज्यू विश्वका प्रभावशाली वैज्ञानिकहरु मध्ये एकमा सूचिकृत हुनुभएको छ । अमेरिकाको स्ट्यानफोर्ड युनिभर्सिटीद्वारा एन्सेभियरसँगको सहकार्यमा तयार गरेको वार्षिक ग्लोबल वैज्ञानिक प्रभाव ऱ्याङ्किङ्मा परेका नेपालका ३१ वैज्ञानिकहरु मध्ये शिक्षाध्यक्ष प्रा.डा.शर्मा एक हुनुहुन्छ । विश्वका शिर्ष २ प्रतिशत वैज्ञानिकमा नाम अंकित प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा. शर्माज्यूले स्वास्थ्य विज्ञान अनुसन्धानको क्षेत्रमा पुऱ्याउनु भएको अतुलनीय योगदानका आधारमा वहाँ उक्त ऱ्याङ्किङ्मा पर्न सफल हुनुभएको हो ।

स्ट्यानफोर्ड यूनिभर्सिटीको वार्षिक ऱ्याङ्किङ, वैज्ञानिकहरूले गरेको अनुसन्धानको संख्या, सो को साइटेसन दर, सह-लेखनकार्यको संख्या, बिब्लियोमेट्रिक प्रभावका आधारमा तयार हुन्छ । स्ट्यानफोर्ड यूनिभर्सिटीले एल्सेभियर सँगको सहकार्यमा स्कोपस डाटाबेसका आधारमा प्रत्येक वर्ष विश्वभरका प्रभावशाली वैज्ञानिकको सूची निकाल्ने गरेको छ । उपरोक्त अनुसारको आधारहरुलाई मध्यनजर गरी यस वर्ष नेपालका ३१ जना वैज्ञानिक विश्वका सबैभन्दा बढी प्रभाव पार्ने शिर्ष २ प्रतिशत बैज्ञानिकमा पर्नुभएको हो ।

विगत २५ वर्षदेखि विभिन्न रोगमा अनुसन्धान गर्दै आउनु भएका प्रा.डा. शर्माले सर्प दंशउपचार पद्धति सुधार,

मुटु रोग, मृगौला रोग लगायतका विषयमा महत्वपूर्ण अनुसन्धान गर्नुभएको छ । वहाँले विश्व स्वास्थ्य सङ्गठन (WHO) मा सर्पदंश सम्बन्धी नेपालको प्रतिनिधित्व पनि गर्दै आउनु भएको छ ।

विश्वको शिर्ष वैज्ञानिकको सुचिमा नाम अंकित गरेर प्रा.डा. शर्माले प्रतिष्ठानको गरिमालाई बढाउँदै प्रतिष्ठान परिवारलाई गौरवान्वित तुल्याउनु भएकोमा प्रतिष्ठान परिवार हार्दिक धन्यवाद तथा बधाइ ज्ञापन गर्दछ ।

## प्रतिष्ठानमा विश्व बायोइथिक्स दिवस - २०२५ सम्पन्न




विगत वर्षहरुमा झैं यस वर्ष पनि विभिन्न कार्यक्रमहरु गर्दै विश्व बायोइथिक्स दिवस २०२५ मनाइएको छ । "वातावरण, जैवीक मण्डल र जैविक विविधताको संरक्षण (Protection of Environment, Biosphere & Biodiversity)" नारा रहेको यस वर्षको विश्व बायोइथिक्स दिवस अक्टोबर ३१, २०२५ का दिन बायोइथिक्स नेपाल एकाईको आयोजनामा विभिन्न चेतनामूलक कार्यक्रम तथा कविता, चित्रकला पोस्टर, शोध पोस्टर, फोटोहरुको प्रदर्शनी आदिको प्रतियोगिता सहित सम्पन्न भएको थियो । उक्त कार्यक्रममा प्रतिष्ठान लगायत नेपालका विभिन्न मेडिकल कलेजहरुका शिक्षक तथा विद्यार्थीहरुको समेत सहभागिता रहेको थियो । बायोइथिक्स नेपाल एकाईका प्रमुख तथा नेपालका लागि कार्यक्रमका संयोजक एवम् प्रतिष्ठानको मानसिक रोग विभागका प्रमुख प्रा.डा. धनरत्न शाक्यको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन प्रतिष्ठानका बायोइथिक्स विद्यार्थीद्वय अनिषा गिरी तथा क्रिष्टिना राईले गर्नुभएको थियो ।



कार्यक्रमको प्रारम्भमा एकाई प्रमुख प्रा.डा. शाक्यले परिचयात्मक र स्वागत मन्तव्य दिदै हाल विश्वमा दिनानुदिन बिग्रँदै गएको वातावरणीय परिवेशलाई जोगाउन तर्फ हरेकले जिम्मेवारी पुर्वक भूमिका खेल्नु पर्ने र सो का लागि सम्बन्धित ठाउँमा वकालत समेत गर्नुपर्ने बारे जोड दिनुभयो । मन्तव्यकै क्रममा एनाटोमी विभागका प्रमुख प्रा.डा. सरुन कोइरालाले "Health Science and Academic perspective" का बारेमा, कन्जर्भेटिभ डेन्टिष्ट्री विभागका डा. अशोक ऐरले "Dental Health Perspective" का बारेमा र एकाईका सदस्य धरानका श्री खेम सुबेदीले "Public & Legal Perspective" बारेमा बताउनु भएको थियो भने बायोइथिक्स विद्यार्थी समिप घिमीरेले यस वर्षको नारामाथि प्रकाश पार्नु भएको थियो ।

कार्यक्रममा प्रतियोगिताका विजेताहरुलाई पुरस्कृत समेत गरिएको थियो । यस सिलसिलामा प्रा.डा. सरुन कोइराला, डा. अशोक ऐर तथा बीर अस्पताल काठमाण्डौंका प्रा.डा. रविराम श्रेष्ठ निर्णायक रहनु भएको फोटोग्राफी प्रतियोगितामा सुरजा शाक्य, सम्पदा धिमाल र सुदिन भुषाल प्रथम, द्वितीय र तृतीय भइ पुरस्कृत हुनुभएको थियो ।

प्रा.डा. रविराम श्रेष्ठ, डा. अशोक ऐर, बिराट मेडिकल कलेज, बिराटनगरका डा. किशोर गुरुङ निर्णायक रहनु भएको आर्ट पोष्टर प्रतियोगितामा उज्वल ठाकुर र सुरजा शाक्य पुरस्कृत हुनु भएको थियो भने प्रा.डा. धनरत्न शाक्य र प्रा.डा. रविराम श्रेष्ठ निर्णायक रहनु भएको अनुसन्धान पोष्टरमा प्रशान्त सापकोटा पुरस्कृत हुनु भएको थियो । त्यसैगरी, प्रा.डा. धनरत्न शाक्य, प्रा.डा. सरुन कोइराला तथा डा. किशोर गुरुङ्ग निर्णायक रहनु भएको कविता प्रतियोगितामा जीवन भुजेल पुरस्कृत हुनु भएको थियो ।

कार्यक्रमका संयोजक तथा नेपाल एकाई प्रमुख प्रा.डा. शाक्यले बायो इथिक्स बारे छलफल, अध्ययन, मन्थन र मनन् गर्ने यस्ता अवसर र कार्यक्रमहरु नियमित र बिस्तारित हुँदै जाने शुभेच्छा राख्नु भएको थियो । वहाँले यस वर्षको नाराले जैविक तथा नैतिक मुद्दाहरुमा छलफल, प्रवचन, प्रशिक्षण र अनुसन्धानलाई बढावा दिन थप कार्यक्रमहरुको आवश्यकता रहेको धरणा व्यक्त गर्नुभयो । विश्वभरि नै सञ्जालित रहेको बायोइथिक्स समूहमा नेपाल सन् २०१३ मा संलग्न भएको हो । सन् २०१६ देखि अक्टोबर १९ मा विश्व बायोइथिक्स दिवस मनाउँदै आइएको छ । युनेस्कोको बायोइथिक्स चेयरले चिकित्सा, स्वास्थ्य र जीवन विज्ञान क्षेत्रमा शिक्षा, सेवा र अनुसन्धानमा नितिनियम (इथिक्स)को अध्यापन, तालिम र अनुसन्धानको लागि जोड दिएकोछ ।

## पिडोडोन्टिक्स एण्ड प्रिभेन्टिभ डेन्टिष्ट्री विभागद्वारा विभिन्न कार्यक्रमहरु सम्पन्न



प्रतिष्ठानको कलेअ अफ डेन्टल सर्जरीले यही वर्ष २०८२ को प्रारम्भसँगै प्रत्येक महिनाको पहिलो बिहिवार कलेज परिसरमा Clinical Grand Round सञ्चालन गर्दै आएको छ भने सोही सम्बन्धमा समय समयमा प्रस्तुतिकरण कार्यक्रमको पनि आयोजना गर्दै आएको छ । यसै सन्दर्भमा २०८२ श्रावण महिना भने पिडोडोन्टिक्स एण्ड प्रिभेन्टिभ डेन्टिष्ट्री विभागको प्रस्तुतिकरणका साथ सम्पन्न भएको थियो । "Bridging

Dentistry and BLS: Be the first responder, not a bystander" शिर्षक रहेको उक्त प्रस्तुतिकरण स्नातकोत्तर तेस्रो वर्षमा अध्ययनरत डा. दृष्टि श्रेष्ठ, डा. किरण पौडेल र डा. तरन्नुम बानुले दिनु भएको थियो ।



सो प्रस्तुतिकरणमा BLS ले आपत्कालीन अवस्थामा रक्त संचालन र श्वास प्रश्वासलाई पुर्नस्थापना गरी घाइते व्यक्तिको ज्यान जोगाउन सक्ने प्रमुख कार्यलाई उल्लेख गर्नुका साथै, स्वास्थ्यकर्मी स्वयंले एउटा कुशल BLS प्रदायकको रूपमा प्रदान गर्ने महत्वपूर्ण भूमिकालाई जोड दिइएको थियो । कार्यक्रमलाई अझ प्रभावकारी र जीवन्त बनाउन म्यानिक्वीन / डमीमा BLS को प्रदर्शन गरिएको थियो । कार्यक्रममा एनेस्थेसियोलोजी एण्ड क्रिटिकल केयर विभागका डा. सविन भण्डारी लगायतको टिमको पनि विशेष आतिथ्यता रहेको थियो भने कलेज अफ डेन्टल सर्जरी अन्तर्गतका सम्पूर्ण विभागका शिक्षक तथा विद्यार्थीहरुको सक्रिय सहभागीता रहेको थियो । कार्यक्रमलाई कदर गर्दै, प्रस्तुतिकरणको विषय महत्वपूर्ण र प्रस्तुतिकरण राम्रो रहेको Clinical Grand Round का संयोजक तथा कम्यूनिटी डेन्टिष्ट्री विभागका एडिसनल प्रोफेसर डा. ताराकान्त भगतले प्रतिक्रिया दिनु भएको थियो ।

यसका साथै उक्त विभागले २०८२ श्रावण २३ र ३० गते दुई दिने मुख स्वास्थ शिविर संचालन गरेको थियो । सो शिविर धरान उपमहानगरपालिका, वडा नं. १ मा अवस्थित Special Education Center मा संचालन गरिएको थियो, जहाँ १ सय ६५ जना भन्दा बढी विशेष बालबालिकाहरूको मुखको जाँच गरिएको थियो । विशेष बालबालिका र तिनका अभिभावकहरुको सहभागिता रहेको सो शिविरमा बालबालिकाको मुखको अवस्थाको बारेमा जानकारीका साथै मुख स्वास्थ र हेरचाहको बारेमा पनि प्रस्तुतिकरण दिइएको थियो । पिडोडोन्टिक्स एण्ड प्रिभेन्टिभ डेन्टिष्ट्री विभागको संयोजकत्वमा आयोजना भएको सो कार्यक्रममा सो विभागकी एसोसिएट प्रोफेसर डा. स्नेहा श्रेष्ठ लगायत सात जना डाक्टरको सहभागिता थियो । उक्त शिविरमा विशेष बालबालिकामा दन्त सडनको जोखिम बढी मात्रामा पाईएको डा. श्रेष्ठले जानकारी पनि गराउनु भएको थियो ।

उक्त विभागले २०८१ को असार महिनादेखि प्रतिष्ठानको बालरोग विभागले सञ्चालन गरेको इम्यूनाइजेसन क्लिनिकमा "Anticipatory guidance" नामक सचेतना मुलक कार्यक्रमको समेत अयोजना गर्दै आएको छ । प्रत्येक विहीबार दिउँसो १ बजे देखि २ बजे सम्म संचालन हुने उक्त क्लिनिकमा नवजात शिशुका आमा बुवा र हेरचाहकर्तालाई बच्चाको मुख स्वास्थ तथा दाँतको हेरचाहको बारेमा अग्रिम मार्गदर्शन प्रदान गरिँदै आएको छ ।

## स्टाफ नर्सहरुको अभिमुखिकरण कार्यक्रम सम्पन्न



प्रतिष्ठानमा नयाँ नियुक्त भई आएका स्टाफ नर्सहरुलाई प्रतिष्ठानको विभिन्न आयामहरुका बारेमा आधारभूत रुपमा सुसूचित गर्न दुइ दिने अभिमुखिरण कार्यक्रमको आयोजना गरिएको छ । प्रतिष्ठानको अडिटोरियममा प्रतिष्ठानकी मेट्रोन श्री कला थापाको अध्यक्षता तथा सहायक अस्पताल निर्देशक डा. दिपेन्द्र प्रसाद सर्राफको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रमको पहिलो दिनको प्रारम्भ राष्ट्रिय गान तथा प्रतिष्ठान गानबाट भएको थियो । तत्पश्चात् परिचयात्मक कार्यक्रम राखिएको थियो जसमा नव नियुक्त स्टाफ नर्सहरुले आ-आफ्नो परिचय दिएका थिए ।

उक्त परिचयात्मक कार्यक्रम पश्चात् प्रस्तुतिकरणको कार्यक्रम रहेको थियो । यस क्रममा सर्वप्रथम मेट्रोन श्री थापाले नर्सिङ्ग कर्मचारीहरुले गर्नुपर्ने आवश्यक लेखापढी तथा कागजातहरुको अभिलेखिकरणका सम्बन्धमा "Documentation" शिर्षकमा प्रस्तुती दिनु भएको थियो भने प्रतिष्ठानको "Mission, Vision and Goal" शिर्षकमा डेपुटी मेट्रोन श्री विष्णुमाया तामाङ्गले प्रस्तुती दिनु भएको थियो ।



वहाँको प्रस्तुती पश्चात् अस्पताल प्रशासन महाशाखाका प्रमुख तथा डेपुटी मेनेजर श्री अशोक शाहले "Bima" शिर्षकमा प्रतिष्ठानमा विद्यमान स्वास्थ्य बीमा कार्यक्रमहरुका बारेमा प्रस्तुती दिनु भएको थियो भने सिनियर नर्सिङ्ग अफिसर श्री रेणु कुमारी यादवले "Communication" शिर्षकमा प्रस्तुती दिनु भएको थियो । तत्पश्चात् सहभागी नर्सहरुलाई प्रतिष्ठानको विभिन्न वार्डहरु भ्रमण गराएर सो दिनको कार्यक्रम समापन भएको थियो ।

दोस्रो दिनको पहिलो प्रस्तुतीमा नर्सिङ्ग अफिसर श्री कविता ढकालले "Infection prevention and control" शिर्षकमा प्रस्तुती दिनु भएको थियो । प्रस्तुतीकै क्रममा सहायक अस्पताल निर्देशक डा. सर्राफले "Pharmacovigilance" शिर्षकमा, सिनियर नर्सिङ्ग अफिसर श्री नुना कुमारी चौधरीले "Leave System" शिर्षकमा, सिनियर नर्सिङ्ग अफिसर श्री कृष्णा गुप्ताले "Ethical Aspects in Nursing" र "Rules Policies and Facilities" शिर्षकमा तथा "Dead Body

Care" शिर्षकमा सिनियर नर्सिङ्ग अफिसर श्री जमुना देवी भुर्तेलले प्रस्तुती दिनु भएको थियो । तत्पश्चात् सहभागी नर्सहरुलाई प्रतिष्ठानको विभिन्न वार्डहरु भ्रमण गराएर कार्यक्रम समापन भएको थियो ।

उक्त अभिमुखिकरण कार्यक्रमको संचालन श्री जमुना भुर्तेलले गर्नुभएको थियो भने वार्ड भ्रमणको सहजिकरण श्री शान्ता पाटा, श्री मनहिरा कार्की, श्री सरस्वती श्रेष्ठ, श्री पवित्रा कुमारी शाह, श्री शोभा कामत तथा श्री दिलु कुमारी कुँवरले गर्नुभएको थियो ।

प्रतिष्ठानले २०८१ फाल्गुण २३ गते स्टाफ नर्स पद करार सेवामा पदपुर्तिका लागि विज्ञापन खोली आवेदन आव्हान गरेको थियो । आवेदकहरु मध्ये लिखित तथा अन्तर्वाताबाट छनौट भएकाहरु मध्ये प्रतिष्ठानलाई आवश्यक १ सय ४३ जना स्टाफ नर्सलाई नियुक्तीका लागि बोलाइएको थियो ।

## प्रतिष्ठानमा दुइ पत्रकार सम्मेलनहरु सम्पन्न



प्रतिष्ठानको आयोजना तथा सूचना तथा सञ्चार केन्द्रको तत्वावधानमा प्रतिष्ठानमा दुइ पत्रकार सम्मेलन सम्पन्न भएको छ । विश्वभरिका स्वास्थ्य संस्थाहरुले, वर्षभरिको विभिन्न मितिमा पर्न जाने चिकित्सा सेवासँग सम्बन्धित दिवस/ सप्ताह/ महिनाहरु, जनमानसमा स्वास्थ्य जनचेतना फैलाउने उदेश्यका साथ मनाउने प्रचलन रहदै आएको छ । यसै प्रचलनलाई मध्यनजर गरी सो दिवसहरुमा नियमित रुपमा पत्रकार सम्मेलनहरु गरी जन समुदायमा स्वास्थ्य जनचेतना फैलाउने उदेश्यका साथ उक्त सम्मेलनहरुको आयोजना गरिएको हो ।

यसै क्रममा अंग्रेजी अक्टोबर महिनालाई विश्व चिकित्सा क्षेत्रमा Breast Cancer Awareness Month का रुपमा मनाउने प्रचलन अनुसार अक्टोबर १७, २०२५ तद्नुसार २०८२ असोज ३१ का दिन सो सम्बन्धमा एक पत्रकार सम्मेलनको आयोजना गरिएको थियो । प्रतिष्ठानको उपकुलपति कार्यलयको बैठक कक्षमा सम्पन्न उक्त सम्मेलनमा प्रतिष्ठानको निमन्त्रणामा धरानका स्थानिय तथा राष्ट्रिय स्तरका प्रतिष्ठित पत्रकारहरुको उपस्थिति रहेको थियो भने प्रतिष्ठानका तर्फबाट सूचना तथा सञ्चार केन्द्रका सह-प्रवक्ता डा. अभिजीत कुमार, एड्मिनिष्ट्रेटिभ असिष्टेन्ट श्री निरज पोखेल, जेनेरल सर्जरी विभागका प्रा.डा. सुरेश प्रसाद शाह, ब्रेस्ट एण्ड इन्डोकाइन सर्जन तथा एसोसिएट प्रोफेसर डा. शारदा खड्का, एसिस्टेन्ट प्रोफेसर डा. दिनेश नाल्बो, सिनियर रेसिडेन्ट डा.आकाश गिरी, मेडिसिन विभागकी मेडिकल अन्कोलोजिष्ट तथा एसोसिएट प्रोफेसर डा. सोनियादुलालको उपस्थिति रहेको थियो । Breast Cancer Awareness Month – 2025 को यस वर्षको नारा "Every Study is Unique, Every Journey Matters." मा केन्द्रित रहेर कार्यक्रममा डा. खड्का तथा डा. दुलालले आ-आफ्नो विशेष प्रस्तुती दिनु भएको थियो । कार्यक्रमको सञ्चालन तथा सहजिकरणको कार्य सह-प्रवक्ता डा. अभिजीतले गर्नुभएको थियो ।

उपस्थितहरु बीच प्रारम्भमा भएको परिचयात्मक कार्यक्रम पश्चात् डा. खड्काले "Breast Cancer Care at BPKIHS: Our Journey and Impact" शिर्षकमा पहिलो प्रस्तुती दिनु भएको थियो । वहाँले आफ्नो प्रस्तुतीको क्रममा "Breast Cancer Burden", "Our Services", "Facts and Figures", "Quality Care Despite Challenges", "Breast Cancer Surgery: A Forgotten Priority", Future Vision: One-step Breast Clinic", "Message to Public" उप-शिर्षकमा संभाषण दिनुभएको थियो । वहाँको समापन संदेश "Together We Care – Early Detection Saves Lives" रहेको थियो ।

दोश्रो प्रस्तुती डा. दुलालले "Collaborative Cancer Research on Breast Cancer at BPKIHS, Dharan" शिर्षकमा दिनुभएको थियो । वहाँले सो शिर्षक अन्तर्गत "Clinical & Molecular characterization of breast cancer among women from different ethnic groups in Nepal" उप-शिर्षकमा अनुसन्धानमूलक प्रस्तुती दिनुभएको थियो । वहाँले नेपाली महिलामा बढ्दै गएको यो समस्या चुनौतीको रुपमा रहेको बताउनु भयो ।

कार्यक्रमको अन्त्यमा पत्रकारहरुको जिज्ञासालाई संबोधन गरिएको थियो । सो क्रममा सर्जरी विभागका प्रमुख प्रा.डा. शाहले पत्रकारहरुलाई उत्तर दिँदै गर्दा प्रतिष्ठानमा रेडियोथेरापी सेवाको अत्यावश्यकता रहेको बारे पनि औंल्याउनु भयो ।



नेपाल सरकारको सहयोग बिना उक्त सेवा प्रारम्भ गर्न कठिन हुने हालको परिस्थितिमा प्रतिष्ठानले नेपाल सरकार समक्ष पहल गरिरहेको र सञ्चार माध्यमका तर्फबाट समेत सो सम्बन्धमा नेपाल सरकारको ध्यानाकर्षण गराइदिन अनुरोध गर्नुभयो । स्थापनाकालदेखि नै प्रतिष्ठानमा क्यान्सरको शल्यक्रिया तथा उपचार हुँदै आइरहेको र नेपालमा Breast and Endocrine Surgery विषयमा Mch गर्ने पहिलो शल्य चिकित्सक डा. खड्का तथा नेपालमा Medical Oncology विषयमा DM गर्ने पहलो चिकित्सक डा. दुलाल प्रतिष्ठानमा हुँदाहुँदै पनि रेडियोथेरापी सेवाको अभावले प्रतिष्ठानले क्यान्सरका विरामीहरुको पुर्ण रुपमा उपचार गर्न नसकिरहेको अवस्थाले खिन्न तुल्याउने गरेको बारे वहाँले बताउनु भयो ।

कार्यक्रमको अन्त्यमा, सह-प्रवक्ता डा. अभिजितले पत्रकारहरुलाई उपस्थिति तथा सहयोगका लागि धन्यवाद दिँदै

आगामी दिनहरुमा पनि प्रतिष्ठानले यस प्रकारको सम्मेलन गर्दै रहने र सो समयमा पनि वहाँहरुको उपस्थिति तथा सहयोगका लागि आग्रह गर्नुभयो ।



त्यसैगरी, अंग्रेजी नोभेम्बर महिनाको ५ तारिखलाई विश्व चिकित्सा क्षेत्रमा International Pathology Day का रुपमा मनाउने प्रचलन अनुसार नोभेम्बर ५, २०२५ तद्नुसार २०८२ कार्त्तिक १९ का दिन सो सम्बन्धमा एक पत्रकार सम्मेलनको आयोजना गरिएको थियो । प्रतिष्ठानको उपकुलपति कार्यलयको बैठक कक्षमा सम्पन्न उक्त सम्मेलनमा अघिल्लो सम्मेलनमा झै प्रतिष्ठानको निमन्त्रणामा धरानका स्थानिय तथा राष्ट्रिय स्तरका प्रतिष्ठित पत्रकारहरुको उपस्थिति रहेको थियो भने प्रतिष्ठानका तर्फबाट सूचना तथा सञ्चार केन्द्रकी प्रवक्ता प्रा.डा. अन्जु प्रधान, सह-प्रवक्ता डा. अभिजीत कुमार, प्याथोलोजी विभागकी प्रमुख प्रा.डा. स्मृती कार्की, प्रा.डा. पुनम पौडेल, एसोसिएट प्रोफेसर डा. यमूना अग्रवाल तथा एसोसिएट प्रोफेसर डा. मोना दाहालको उपस्थिति रहेको थियो । International Pathology Day - 2025 को यस वर्षको नारा "The Global Pathology Workforce" मा केन्द्रित रहेर उक्त कार्यक्रममा विभागीय प्रमुख प्रा.डा. कार्कीले विशेष प्रस्तुती दिनुभएको थियो । कार्यक्रमको सञ्चालन तथा सहजिकरणको कार्य प्रवक्ता प्रा.डा. प्रधानले गर्नुभएको थियो ।

प्रारम्भमा भएको एक-आपसको परिचयात्मक कार्यक्रम पश्चात् प्रा.डा. कार्कीले "PATHOLOGY: The Hidden Pillar of Healthcare" शिर्षकमा प्रस्तुती दिनु भएको थियो । वहाँले चिकित्सा विज्ञानको क्षेत्रमा Pathology को महत्व तथा अपरिहार्यताको बारेमा प्रकाश पार्दे प्रतिष्ठानले दिँदै आएको Pathology सेवाका बारेमा विस्तृत रुपमा वर्णन गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा, प्रवक्ता प्रा.डा. प्रधानले पत्रकारहरुलाई उपस्थिति तथा सहयोगका लागि धन्यवाद दिँदै आगामी दिनहरुमा पनि प्रतिष्ठानले यस प्रकारको सम्मेलन गर्दै रहने र सो समयमा पनि वहाँहरुको उपस्थिति तथा सहयोगका लागि आग्रह गर्नुभयो ।

## Students Oncology Wing द्वारा क्यान्सर सचेतना कार्यक्रम सम्पन्न



विद्यार्थीहरुको चिकित्सकीय अभ्यासलाई बृहत बनाउने उद्येश्यले प्रतिष्ठानमा स्नातक तहका विद्यार्थीहरूको Students Oncology Wing को स्थापना गरिएको विदितै छ । यस Wing मा रहेर विद्यार्थीहरुले क्यान्सर रोकथाम र जागरूकतामा योगदान पुऱ्याउनु, विद्यार्थीहरू र आम जनतामा क्यान्सर शिक्षा, जागरूकता र निवारक स्वास्थ्य सेवा अभ्यासहरूलाई प्रवर्द्धन गर्नुका साथै प्रतिष्ठान र समुदाय बीच पुलको रूपमा काम गर्ने गरेको छ । यसै सन्दर्भमा उक्त Wing ले २०८२ कार्तिक १४ का धरान उपमहानगरपालिका कार्यलयमा गई स्तन क्यान्सर सचेतना कार्यक्रम सफलता पुर्वक सम्पन्न गरेको छ । कार्यक्रममा प्रतिष्ठानका तर्फबाट प्रतिष्ठानको मेडिसिन विभाग अन्तर्गतको मेडिकल अन्कोलोजी यूनिटकी प्रमुख तथा मेडिकल अन्कोलोजिष्ट डा. सोनिया दुलाल तथा Wing का सदस्यहरुको सहभागिता रहेको थियो भने उपमहानगरपालिकाका तर्फबाट महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका (FCHVs), स्वास्थ्यकर्मीहरु, नर्सिङ्ग अधिकृतहरुका साथै धरान उपमहानगरपालिका अन्तर्गतका महिला कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

प्रारम्भमा गरिएको स्वागत तथा परिचयात्मक कार्यक्रम पश्चात् उक्त Wing का सदस्यहरुले स्तन क्यान्सर सम्बन्धी जानकारी तथा सचेतनामुलक प्रस्तुती दिएका थिए । उक्त प्रस्तुतीमा स्तन क्यान्सरको परिचय, लक्षण र चिन्हहरु, जोखिमका कारणहरु र सो कम गर्ने उपायहरु, स्किनिङ्गको महत्व, स्किनिङ्ग कहिले र कहाँ गर्ने भन्ने प्रकिया, स्तन स्व-परीक्षण (Self-Examination) गर्ने तरिका जस्ता विषयहरुमा प्रकाश पारिएको थियो । सहभागिहरुलाई व्यवहारिक रुपमा समेत विषयलाई बुझ्न सहायता होस् भन्ने हेतुले प्रस्तुतीको कार्यक्रम पश्चात् स्तन स्व-परीक्षणको प्रत्यक्ष प्रदर्शन समेत गरिएको थियो ।

कार्यक्रमको अन्त्यमा आयोजित प्रश्नोत्तर कार्यक्रममा Wing की मार्गदर्शक समेत रहनु भएकी डा. दुलालले सहभागिहरुको जिज्ञासाहरुको जवाफ दिनुभएको थियो । तत्पश्चात् सहभागीहरुले डा. दुलाल तथा Wing का सदस्यहरुलाई धन्यवाद दिँदै कार्यक्रम अत्यन्तै फलदायी रहेको र समय समयमा यस प्रकारको कार्यक्रम भइरहनु पर्ने प्रतिकिया दिएका थिए ।

## प्रतिष्ठानमा MBBS मा अध्ययनरत विद्यार्थीको ESMO - 2025 मा प्रस्तुति



प्रतिष्ठानमा हाल MBBS चौथो वर्षमा अध्ययनरत विद्यार्थी श्री नितेश कुमार कर्णले जर्मनीको बर्लिनमा आयोजित यस वर्षको European Society for Medical Oncology (ESMO) Congress - 2025 सम्मेलनमा "Evaluating Trastuzumab

Emtansine in Residual Invasive HER2-Positive Breast Cancer: A Meta-Analysis of Randomized Controlled Trials" शीर्षकमा गरिएको अध्ययनलाई पोस्टर मार्फत प्रस्तुत गरेर आफ्नो सक्रिय सहभागिता जनाएका छन । वार्षिक रुपमा आयोजना हुने उक्त सम्मेलनमा विश्वभरकै Medical Oncology क्षेत्रमा भइरहेका समसामयिक अध्ययन तथा नवीन खोज एवम् अनुसन्धानबारे विशेष छलफल गरिँदै आइएको छ ।

गत 17th – 21st Oct, 2025 मा सम्पन्न उक्त पाँच दिने सम्मेलनमा विश्वभरका चार हजार भन्दा बढी सहभागीहरूको उपस्थिति रहेको थियो । श्री कर्णले प्रस्तुत गर्नुभएको अध्ययनले युरोप, चिन, भारत लगायत अमेरिकाका क्यान्सर विशेषज्ञहरुको विशेष ध्यानाकर्षण गराएको थियो । सम्मेलनमा सहभागी भइ रहँदा उनलाई अन्तर्राष्ट्रिय क्षेत्रका क्यान्सर विशेषज्ञसँग मेडिकल अन्कोलोजी क्षेत्रमा भएका आधुनिककरणहरूका विविध पक्षबारे बुझ्ने अवसर प्राप्त भएको थियो भने त्यति बृहत विश्वव्यापी सम्मेलनमा प्रस्तुति दिएर वहाँले प्रतिष्ठानको पनि गरिमालाई बढाउनु भएको महशुस भएको छ ।

उक्त अध्ययनको सम्मान स्वरूप डा. विशाल ज्ञवालीद्वारा स्थापित अनिता ज्ञवाली - गणेश ज्ञवाली हेल्थ रिसर्च अवार्ड २०२५ र Blood & Multispecialty Hospital, Kathmandu द्वारा स्थापित Best Oncology Research Award 2025 बाट उनलाई पुरस्कृत गरि सम्मानित गरिएको छ । उक्त सम्मेलनमा सहभागी हुनका लागि स्विट्जरल्यान्ड स्थित International Cancer Foundation मार्फत उनलाई ग्रान्ट स्वरूप आर्थिक सहयोग प्राप्त भएको थियो । वहाँ सम्मेलनमा सहभागीताका लागि जर्मनी पुगेर प्रस्तुति दिँइ नेपाल फर्कि आइन्जेलसम्मको यात्राको हरेक पाइला र पक्षमा प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा. संजीव कुमार शर्माज्यूको निरन्तर साथ, सहयोग र प्रोत्साहन रहेको छ । जर्मनीसम्मको यात्रा सफलतापूर्वक सम्पन्न गर्नमा साथ र सहयोग दिनुभएका प्रा.डा. विशेष शर्मा पौड्याल, डा. विशाल ज्ञवाली र डा. सोनिया दुलालको उल्लेखनीय योगदान छ । उनको यस अध्ययन प्रतिष्ठित जर्नल Annals of Oncology - Volume 36 मा प्रकाशन भएको छ ।

## धरानका एक व्यवसायीबाट प्रतिष्ठानलाई सहयोग



